# त्रिवेणी गाउँपालिकाको आ.व.२०७५/०७६ को नीति,कार्यक्रम तथा बजेट

**सभाध्यक्ष महोदय,**
**उपस्तिथ सभासदस्यहरु,**

समुन्नत र सम्बृद्ध त्रिवेणी गाउँपालिका निर्माणमा यहाँका जनताको सक्रिय सहभागिता तथा साथ र सहयोगबाट समावेसि र दीगो विकासको अभ्यास गर्दै अगाडि बढेको कुरा स्मरण गराउदै, यही वर्तमान धरातलमा उभिएर नयाँ इतिहासको रचना गर्ने बेला आएकोछ । यस गहन जिम्मेवारीलाई पुरा गर्नको लागि नेपाल सरकारले अघि सारेको "सम्बृद्ध नेपाल -सुखी नेपाली " भन्ने राष्ट्रिय नारा तथा "पानी,खानी,कृषि र बन- हाम्रा युवा हाम्रा धन " भन्ने कर्णाली प्रदेशको नारालाई आत्मसाथ गर्दै "सम्बृद्ध त्रिवेणीका सभ्य जनता" बनाउने बृहत्तर उद्देश्य प्राप्तीका लागि त्रिवेणी गाउँपालिकाको आ.व.२०७५/०७६ को नीति,कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदा खुशी र गौरवान्वित भएकोछु । यस अवसरमा म विभिन्न कालखण्ड देखि हाल सम्म नेपालको उन्नती,प्रगती तथा सम्बृद्धिका लागि संघर्ष तथा आफ्नो अमूल्य जीवनको बलिदानी गर्ने ज्ञात,अज्ञात विर सहितहरु प्रति हार्दिक श्रद्धान्जलि व्यक्त गर्दै घाइते योद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

**सभाध्यक्ष महोदय,**

" थर्कोटको काखमा शारदाको साथमा,सफा,हराभरा,सुन्दर शान्त त्रिवेणी गाउँपालिका सुशासन,सहभागिता,दीगो विकास सम्बृद्धि र समतामूलक समाज निर्माण निर्माण हाम्रो प्रतिवद्धता" भन्न मुलनाराकासाथ विभिन्न नीतिहरुको अवलम्बन गर्दै सुरु भएको त्रिवेणी गाउँपालिकाको विकासको प्रथम यात्राको समिक्षा गर्दा त्यति निरासा हुनुपर्ने अवस्था छैन । समग्रमा गत आ.व.मा लिएका नीतिहरुको देहाय बमोजिम समिक्षा गरिएको छ :

**१.** गाउँपालिकाको प्रत्यक वडामा सडक सुविधा पुऱ्याउने नीतिलाई कार्यान्वयन गरिएको त्यस्ता सडकलाई क्रमश : स्तरोन्ती गर्दै पनि लगिएको अवस्था छ ।

२. "सेवाको वरीपरी जनता होइन,जनताको वरीपरी सेवा" को अवधारणा अनुरुप जनतालाई घरदैलोमा नै सेवा सुविधा उपलब्ध गराउने ध्ययले गाउँपालिकाको विभिन्न वडाहरुमा विभिन्न विषयमा एकिकृत घुन्ति शिविर संचालन गरी थोरै भएपनि जनतालाई स्थानीय सरकारको अनुभूती दिन सफल भएको छ भन्ने ठानेकोछु ।

**३.** नेपाल सरकारले संचालन गरेका विभिन्न अभियानहरुलाई गाउँपालिकाले पनि अभियानकै रुपमा संचालन गर्ने सोच राखीएको र त्यस अनुरुप ती अभियानहरुलाई पनि नियमितता दिइएको छ ।

**४.** योजना छनौटलाई बस्तिस्तरबाट सबै पक्षको सहभागितामा स्थानीय आवश्यकता,उत्पादनमूलक तथा वातावरणमैत्रीका साथै प्राथमिकता प्राप्त आयोजनाहरुमात्र छनौट गर्ने कार्यको थालनी गरिएकोछ ।

**५.** करका दर र दायरा तथा नयाँ क्षेत्रहरुको पहिचान र विकास गर्दै गाउँपालिकालाई आन्तरिक आयमा बलियो बनाउदै लैजान पहल कदमी लिइएकोछ ।

**६.** भवन निर्माण कार्यलाई व्यवस्थित तथा भूकम्प प्रतिरोधी भवन निर्माण गरी सुरक्षित र व्यवस्थित बस्ति निर्माणको लागि भवन निर्माण मापदण्ड निर्माण गरी लागु गर्ने कार्यको सुरुवाती चरणमा प्रवेश गरेकाछौ ।

**७.** सभ्य र सुसंस्कृत तथा दक्ष जनशक्ति निर्माणको आधारको रुपमा रहेको शिक्षा क्षेत्रलाई सुधार गर्दै सर्वसाधारण जनताको पहुँचमा गुणस्तरीय शिक्षाको प्रत्याभूति दिलाउन त्रिवेणी गाउँपालिकाको शिक्षा नीति,२०७४ तथा गाउँशिक्षा योजना,२०७४ तर्जुमा गरी सुधारको प्रयास थालनी गरीएकोछ ।

**८.** विकास निर्माण,सेवा प्रवाह लगायतका विषयमा छिटो छरीतो र प्रभावकारीता,पारदर्शिताको विकास गर्दै सुशासनको अवधारणालाई आत्मसाथ गर्ने प्रयास गरिएकोछ ।

**९.** विकासमा स्थानयि जनताको सहभागिता र अपनत्वको भावनाको विकास गरी गुणस्तरीय र दीगो विकासको मिठो कल्पना गरी विकास निर्माणका कार्यहरुलाई पूर्णतया उपभोक्ता समिति वा लाभग्राही समिती,समूहबाट संचालन गर्ने नीति लिइएको भएपनि त्यसमा आषातित सफलता प्राप्त नभएको अनुभूति भएकोछ ।

**१०.** त्रिवेणी गाउँपालिकाले गत आ.व.मा अवलम्बन गरेका नीतिहरुको मोटामोटी समिक्षा गर्दा धेरै कामको सुरुवाता गरिएको,केहीमा सुरुवात गर्ने जमर्को गरिएको अवस्थाछ भने केहीमा समय र सन्दर्भ अनुरुप पुनरविचार गर्दै जानुपर्ने अवस्था देखिएको व्यहोरा सम्मानीत सभासमक्ष जानकारी गराउछु ।

**सभाध्यक्ष महोदय,**

अव म त्रिवेणी गाउँपालिकाको सोच,लक्ष्य उद्देश्य तथा अपेक्षित उपलब्धि र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु त्था प्राथमिकताहरुको सम्बन्धमा संक्षेपमा जानकारी गराउने अनुमती चाहान्छु ।

**१. सोच :** कृषि र पशुको व्यवसायीकरणको माध्यमबाट आगामी ५ वर्ष भित्र आत्म निर्भर र सम्बृद्ध त्रिवेणी गाउँपालिका निर्माण गर्ने ।

**२.उद्देश्य :** उपलब्ध सिमित श्रोत र साधनको मितव्ययी,प्रभावकारी ढंगले उत्पादनमूलक तथा अधिक प्रतिफल दिने क्षेत्रमा खर्च गरी समुन्नत र सम्बृद्ध त्रिवेणी गाउँपालिका बनाउने । यसका लागि देहायका थप उद्देश्यहरु अंगिकार गरिएकोछ :

- कृषि र पशु विकासको व्यवसायीकरण गर्ने,
- पर्यटन क्षेत्रको पहिचान र विकास गरी जनताको आयस्तर वृद्धि गर्ने,
- वातावरणमैत्री पूर्वाधार विकास गरी दीगो विकासको नीति अवलम्बन गर्ने,
- विभिन्न सामाजिक अभियानहरुको लक्ष्य अनुसारका क्रियाकलाप संचालन गरी सचेत र सभ्य समाजको विकास गर्ने,
- समतामूलक विकास गरी विकासमा सबैको सहभागिता सुनिश्चित गर्ने

३. अपेक्षित उपलब्धी : स्रोत र साधनको प्रभावकारी ढंगबाट उत्पादनमूलक क्षेत्रमा खर्च भई जनताको आय,जवनपद्धती र सोचमा सकारात्मक परिवर्तण आएको हुनेछ ।

**४. बजेट निर्माण गर्दा लिइएका प्रमुख आधारहरु :**

(क) नेपालको संविधान,२०७२

(ख) स्थानीय सरकार संचालन ऐन,२०७४

(ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४

(घ) अन्तर सरकारी वित्त व्यवस्थापन एने,२०७४

(ङ) संघिय र प्रदेश सरकारले जारी गरेका नीति,कानून तथा मापदण्डहरु

(च) स्थानीय तहमा बजेट तर्जुमा,कार्यान्वयन,आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका,२०७४

(छ) संघ सरकारको आवधिक विकास योजना

(ज) उपलब्ध स्रोत साधन

(झ) विकासका अन्तर सम्बन्धित विषयहरु

(ञ) नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरुबाट सृजित दायित्वहरु

(ट) संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु

**५.** माथि उल्लेखित बजेट निर्माणका उद्देश्यहरु पुरा गर्न **देहायका विकासका प्राथमिकताका क्षेत्रहरु निर्धारण गरिएकोछ :**

(क) सडक नपुगेको वस्तिमा सडक पुऱ्यानउने र भएका सडकहरुको मर्मत तथा स्तरोन्नती गर्ने,

(ख) कृषि,पशु व्यवसायको व्यवसायीकरण तथा पर्यटन पूर्वाधारको विकास

(ग) शिक्षा, स्वास्थ्य, खेलकुद,खानेपानी जस्ता सामाजिक क्षेत्रको विकास र विस्तार

(घ) आकस्मिक उपचारमा सहयोग पुऱ्याउने एम्बुलेन्स सेवा संचालन,

(ङ) सहाय तथा दुखी : जेष्ठ नागरिकको संरक्षणको लागि बृद्धाश्रम निर्माण गर्ने

(च) सुशासन सहितको सेवा प्रवाह,संस्थागत विकास,मानव श्रोतको विकास

(छ) कानून तथा योजनाका दस्तावेज तथा मार्गचित्र निर्माण

(ज) पुल,सिचाई,पोखरी निर्माण मर्मत

(झ) वन वातावरण संरक्षण,विपत जोखिम न्यूनिकरण गर्ने तथा विपत व्यवस्थापन

**६.** माथिका प्राथमिकताका क्षेत्र अन्तरगत रहेर **निम्न प्रकारका ओयोजना तथा कार्यक्रम संचालन गरिनेछन :**

(ख) उत्पादनमूल तथा छिटो प्रतिफल दिन सकिने,

(ग) जनताको आम्दानी र रोजगारी बढ्ने,

(घ) सकेसम्म स्थानीय सहभागिता जुट्न सक्ने,लागत कम लाग्ने,

(ङ) स्थानीय सिप र साधनको अधिकतम परिचालन पनि हुन सक्ने,

(च) महिला बालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष योगदान पुग्ने,

(छ) लैंगिक समानता र सामाजिक समावेसिकरण अभिबृद्धि हने,

(ज) दीगो विकास,वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउन पुग्ने,

**सभाध्यक्ष महोदय,**

अव म आगामी वर्षको बजेटका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु :

## १. मूल नीति :

**"हराभरा र सुन्दर त्रिवेणी गाउँपालिका, विकसित र सम्बृद्ध समाज निर्माण हाम्रो प्रतिवद्धता"** भन्ने मूल नारालाई साकार पार्न त्रिवेणी गाउँपालिकाको उपलब्ध साधन स्रोतलाई उत्पादनमूलक र छिटो प्रतिफल दिने क्षेत्रमा सहभागितामूलक र प्रभावकारी तरिकाबाट खर्च गर्दै दीगो विकासको माध्यमबाट विकसित समाज निर्माण गर्नु हाम्रो मूल नीतिरहेकोछ । यस मूल नीतिलाई पछ्याउदै देहायका क्षेत्रगत नीतिहरु तय गरिएकोछ ।

### (क) आर्थिक विकास :

- भौगोलिक क्षेत्र अनुसार पकेट क्षेत्रको निर्धारण गर्दै कृषि तथा पशु क्षेत्रको व्यवसायिकरण गर्न " हाम्रो त्रिवेणीको कृषि पशु व्यवसाय हाम्रो गौरव " भन्ने मूलमन्त्रमानी कार्यक्रम संचान गरिनेछ , यसको लागि कृषि तथा पशुविकासको लागि अध्ययन,विश्लेशन,योजना निर्माण गर्ने व्यवस्था गरिनेछ,
- "प्रदेशको एक फर्म एक अनुदान" भन्ने नीतिलाई थोरै परिमार्जन गर्दै "सक्षम फर्म एक अनुदान" नीति अवलम्बन गरिनेछ
- पकेट क्षेत्रमा समूह निर्माण गरी किसानको लागत सहभागितामा कम्तिमा "एक घर ५ आयमूलक विरुवा रोप्ने कार्यक्रम" संचालन गरिनेछ । यी माथिका कार्यको लागि आवश्यक बजेट विनियोजन गर्कोछु,
- पर्यटन क्षेत्रको विकास गरी आन्तरिक पर्यटन प्रबर्द्धनको माध्यमबाट गाउँपालिकाको आयबृद्धि गर्न त्रिवेणी गाउँपालिकाकमो पिमखोला नजिको छहरालाई व्यवस्थित गर्न पर्यटन योजना निर्माण गरी उक्त एरियालाई उद्यानको रुपमा समेत विकास गर्ने, समग्र पर्यटन प्रबर्द्धन कार्यको लागि रु. ६ लाख बजेट विनियोजन गरेकोछु ।
- पर्यटन क्षेत्रकालाई पनि विकासको आधार बनाउन "एक वार्ड एक होमस्टे " निर्माण गर्न प्रोत्साहन गरी प्रत्येक ३ महिनामा एकपटक "त्रिवेणी गाउँपालिका होमस्टे"कार्यक्रम संचालन गरिनेछ,

- ससाना लघु तथा घरेलु उद्यगहरुको विकास गरी जनताको आयस्तरमा बृद्धि ल्याउने,यसको लागि आवश्यक प्रविधि हस्तान्तरण गर्ने बजेटको व्यवस्था गरेकोछु ।

- सहकारी क्षेत्रको विकास र विविधिकरण गर्दै विषेश गरी कृषि क्षेत्रसंग सम्बन्धित सहकारीको विकास र प्रबर्द्धनको माध्यमबाट जनतालाई व्यवसायिक बनाउने साथै जनताको लगानीलाई सुरक्षित गर्ने नीति लिइने, सहकारीलाई सक्षम बनाउन सहकारी शिक्षा,बजार सहजीकरणको व्यवस्थाको लागि आवश्यक व्यवस्था गरेकोछु ।

(ख) सामाजिक विकास :

- स्वास्थ्य क्षेत्रका घरोहरका रुपमा रहेका महिला स्वयंसेविकाहरुको सेवालाई सम्मान गर्दै उहाँहरुको काम प्रति अझ उत्साह प्रहान गर्न स्वयंसेविका प्रोत्साहान कार्यक्रमलाई निरन्तरता दिइने, यसकोलागि प्रति महिना प्रति जना रु.६०० का दरले प्रोत्साहन भत्ताको व्यवस्था गरेकोछु ।
- बालमृत्युदर तथा मातृमृत्युदर कम गर्न तथा कुपोषणबाट गर्भवती महिला र बच्चालाई बचाउन सुत्केरी जाँच गराउन आउने महिलाई आयो नून,सुत्केरी भत्ता तथा बच्चालाई न्यानो झोला दिइने गत वर्षको नीतिलाई निरन्तरता दिइनेछ ।
- जनतालाई स्वास्थ्य सम्बन्धी विभिन्न सेवा घर नजिकबाट उपलब्ध गराउन विभिन्न विषयका (रोगसंग सम्बन्धित) स्वास्थ्य शिविरहरु संचालन गरिनेछ,यसको लागि रु.६ लाख बजेट विनियोजन गरिएकोछ ।
- जनतालाई स्वस्थ खानेपानी सेवा उपलब्ध गराउन उनिहरुकै सहभागितामा नयाँ योजनाहरु निर्माण,पुराना योजनाहरुको मर्मत सुधार गर्नुकमा साथै खानेपानी सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम संचालन गरीनेछ , यसको लागि प्रयाप्त बजेटको व्यवस्था गरेकोछु ।
- असाहय जेष्ठ नागरिहरुको सम्मान र उचित संक्षणको लागि बृद्धाश्रम निर्माण गरी व्यवस्थित गरीनेछ, सहयोगी मनहरुबाट जग्गाको व्यवस्था गरी भवन निर्माण गर्न रु.१५ लाख बजेट व्यवस्था गरेकोछु ।
- अपांगता भएका व्यक्तिहरुको **“अपांग हाम्रा साथी”** कार्यक्रम संचालन गरी तीनीहरुको लागि वर्ग अनुसारको कार्यक्रम ल्याइनेछ, यसको लागि उचित बजेटको व्यवस्था गरिएकोछ ।
- बालमैत्री स्थानीय शासन संचालनको लागि आवश्यक कार्यक्रम ल्याइनेछ,

- भाषा सस्कृति संरक्षणको लागि जोड दिइनेछ, यसको लागि उचित बजेटको व्यवस्था गरिएकोछ ।
- शिक्षामा गुणस्तरीयता तथा सर्वसाधारणको भरोसायोग्य बनाउन विषेश योजना संचालन गरिनेछ,
- " खेलकुदको विकास स्वस्थ जीवनको आधार " भन्ने मूलमन्त्र तय गरी खेलकुदको विकासमा ध्यान दिइनेछ, विद्यालयमा हप्ताको एक दिन खेलकुद कार्यक्रम संचालन गरिने व्यवस्था मिलाइनेछ,
- त्रिवेणी गाउँपालिकामा व्याडमिन्टन खेलको विकास गरी गाउँपालिकाको पहिचान स्थापित गरिनेछ, यी कार्यक्रमको लागि प्रयाप्त बजेटको व्यवस्था गरेकोछु ।
- " खेलकुदको विकास स्वस्थ जीवनको आधार " भन्ने नारालाई साकार पार्न गाउँपालिकालाई  खेलकुद मैत्री बनाउने नीति लिइने र त्यसको लागि " एक गाउँपालिका एक रंगशाला"स्थापना गरिने, साथै गाउँपालिकाको मुख्य कार्यालय रहेको स्थानमा एक इन्डोर व्याडमिन्टन कोर्ट स्थापना गर्ने नीति लिइनेछ, यसको लागि रु.५ लाख बजेट विनियोन  गरेकोछु ।
- सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर बृद्धि गर्न प्रथम चरणमा मा.वि.हरुमा विद्युतिय हाजिर मेसिन,सिसिक्यामेरा जस्ता विद्युतिय उपकरणको जडान गरिने व्यवस्था गरिनेछ । यसको लागि आवश्यक बजेट विनियोजना गरिएकोछ ।
- कार्यसम्पादन सम्झौताको आधारमा शिक्षको मूल्याकन गर्ने परिपाटिको विकास गरी दण्ड र पुरस्कारको नीति अवलम्बन गरिनेछ ।

**(ग) पूर्वाधार विकास :**

- गुरुयोजना अनुसार बाटो नपुगेको बस्तिमा बाटो पुराउने व्यवस्था गरिनेछ साथै भएका वाटाहरुको स्तरोन्नती गरिदै लगिनेछ र अनावश्यक स्थानमा बाटो काट्ने कामलाई निरुतसाहित गर्दै लगिनेछ,
- गाउँपालिकाका महत्वपूर्ण मोटरबाटाहरुलाई गाउँपालिकाका गौरवका योजनाको रुपमा लिई अगाडि बढाइनेछ, यसका लागि १ करोड ४० लाख बजेट विनियोजन गरीएकोछ ।
- खेती योग्य जमिनमा सिचाँईका विभिन्न माध्यम अपनाउदै जनताको लागत सहभागितामा पानीको श्रोतको आधारमा भरपुर सिचाँई हुने व्यवस्था गरिनेछ, यसमा आवश्यक बजेटको व्यवस्था गरिएकोछ ।
- व्यवस्थित वस्ति विकास तथा सुरक्षित भवन निर्माण गर्नको लागि भवन निर्माण मापदण्ड बनाई लागु गरिनेछ,

- त्रिवेणी गाउँपालिकालाई विद्युत र संचार सुविधायुक्त बनाउन विभिन्न कार्यक्रमहरु संचालनमा ल्याइनेछन,ग्रामिन विद्युतिकरणको लागि १ करोड बजेट व्यवस्था गरीएकोछ ।
- स्थानीय भौतिक पूर्वाधार निर्माणमा स्थानीय सहभागिता हुनछाडेको र उपभोक्ता समितिबाट काम गराउदा वित्तिय जोखिमको स्तर समेत बढेको अनुभवबाट देखिएकोले ५ लाख भन्दा माथिका सबै आयोजनाहरु  निर्माण व्यवसायीबाट काम गराउने नीति अवलम्बन गरिनेछ ।
- भौतिक संरचनाको मर्मत संभारको लागि मर्मत संभारकोषको व्यवस्था गरी संचालनमा ल्याइनेछ,

## (घ) वन वातावरण तथा विपत व्यवस्थापन :

- औषधिजन्य तथा उत्पादनमूलक बोट विरुवाहरुको विकास र संरक्षण गर्दै वनलाई विकासको आधारको रुपमा विकास गर्न **"हाम्रो वन हाम्रो विकास"** कार्यक्रम संचालन गरिनेछ । यसमा वनको विकास गर्दै त्यसबबाट भएको आम्दानीले ससाना स्थानीय पूर्वाधारमा लगानी गर्ने नीति लिइनेछ,यसको लागि सामुदायिक वनसंगको लागत सहभागिताको व्यवस्था गरिनेछ ।
- जलाधार संरक्षण,जलवायु परिवर्तण सम्बन्धमा विषेश कार्यक्रम ल्याइनेछ,यसको लागि आवश्यक बजेटको व्यवस्था गरिएकोछ ।
- त्रिवेणी गाउँपालिकालाई स्वस्थ र सफा राख्न "जसले फोहर गर्छ उसले सफा गर्छ" भन्ने नीति ल्याइनेछ,
- विभिन्न प्रकोपहरुबाट नागरिकहरुलाई बचाउन तथा तीनको व्यवस्थापन गर्न विपत व्यवस्थापन नीति तथा योजना बनाइ । यसको लागि विपत व्यवस्थापन कोष स्थापना गर्ने व्यवस्था गरेकोछु ।
- वातावरण संरक्षण गर्न पुराना पोखरीहरुलाई संरक्षण,मर्मत र संभार गर्ने कार्यलाई निरन्तरता दिइनेछ साथै आवश्यक ठाउँहरुमा नयाँ पोखरीहरुको निर्माण कार्यलाई प्राथमिकतामा राखिनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

## (ङ) सुशासन तथा संस्थागत विकास

- कार्यालयको संस्थागत क्षमता विकास गर्न आवश्यक कार्यक्रम बनाई लागु गरिनेछ ,यसको लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।
- परदर्सिता तथा वित्तिय जोखिम न्यूनिकरण गर्नको लागि विद्युतिय हाजिर मेसिनको व्यवस्था,सार्वजनिक परिक्षण,सार्वजनिक सुनुवाई र सामाजिक परीषण

जस्ता सुशासनका औजारहरुको प्रवन्ध गर्ने कार्यक्रमहरु संचालन गर्ने व्यवस्था गरिनेछ ,यसको लागि आवश्यक बजेटको व्यवस्था गरिएकोछ ।

- ❖ सार्वजनिक वित्तिय जोखिम न्यूनिकरण गर्न स्थानीय स्तरमा उपभोक्ता समितिहरुबाट संचालन गरिने कार्यक्रम तथा निर्मान कार्यमा पेश्की नदिने नीतिलाई निरन्तरता दिइनेछ,
- ❖ गाउँपालिकाबाट सम्पादनहुने हुने क्रियाकलापहरुका बारेमा जनतालाई सुसूचित गर्न "त्रिवेणी गाउपाकिाको जनताको प्रश्न जनप्रतिनिधिको जवार्फ" कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ,
- ❖ विकास निर्माण कार्यलाई पारदर्सी र व्यवस्थित बनाउन तथा उपभोक्ता समितिहरुलाई थप जिम्मेवारी बनाउन क्षमता विकासका कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ, यसको लागि उचित बजेट व्यवस्था गरेकोछु ।
- ❖ गाउँपालिकाको आन्तरिक शान्ति सुरक्षा,अवरोध हटाउने,उद्धार कार्य,बजार व्यवस्थापन जस्ता कार्यलाई व्यवस्थित गर्नको लागि **नगर प्रहरीको** व्यवस्था गर्न आवश्यकता देखिएकोले नगर प्रहरी गठन संचालन सम्बन्धी कार्यविधि बनाई आवश्यक प्रक्रिया अडागी बढाइनेछ ।
- ❖ गाउँपालिकाको समग्र विकासको लागि संभावनाका नयाँ नयाँ क्षेत्रमा अध्ययन तथा विश्लेशन गरिनेछ,
- ❖ गाउँपालिकाको समग्र विकासको लागि गाउँपालिकाको एकिकृत विकास योजना निर्माण गरिनेछ,यसको लागि रु.१७ लाख बजेट व्यवस्था गरेकोछु ।
- ❖ गाउँपालिकाबाट संचालन हुने सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउन नागरिक सचेतनाका टुल्सहरुको विकास र प्रयोग गरिनेछ,कर्मचारीको क्षमता विकास गर्न विभिन्न क्रियाकलाप संचालन गर्ने व्यवस्था गरिनेछ,यसमा आवश्यक बजेट व्यवस्था गरिएकोछ ।
- ❖ संस्थागत विकासको लागि विभिन्न सफ्टवयर जडान,विभिन्न कानून तथा दस्तावेज निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ,यसका लागि रु.९ लाख बजेट व्यवस्था गरेकोछु ।
- ❖ करारका कर्मचारीहरुलाई तीनिहरुको कार्य सम्पादन,बजेटको अवस्था तथा कार्यालयको आवश्यकतालाई ध्यानमा राखी आवश्यक व्यवस्था गर्ने नीति लिइनेछ ।

**सभाध्यक्ष महोदय,**

अव म आगामी आर्थिकवर्ष २०७५।७६ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु :

(क) करका नयाँ नयाँ क्षेत्र पहिचान गर्ने तथा करका दरहरुको विविधिकरण गर्दै गाउँपालिकालाई आन्तरिक आयमा आत्मनिर्भर बनाउदै लगिने नीतिका अवलम्बन गरिनेछ ।

(ख) माथि उल्लेखित नीति अनुसार राजश्व परिचालनको उद्देश्य देहाय बमोजिम प्रस्तुत गरेकोछु :

- ✓ सवै आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउने,
- ✓ खर्चमा मितव्ययीता अपनाउदै राजश्व परिचालनलाई लगानीमत्रै बनाउने,
- ✓ सकेसम्म करदातामैत्री राजश्व प्रशासनको विकास गर्ने,
- ✓ करका संरचना र करका दरहरुमा समय सापेक्ष बनाई कर प्रणालीमा सुधार गर्दै जाने,
- ✓ कर कानूनको पालनामा जोड दिदै कर चुहावट र कर छली कार्यलाई नियन्त्रण गर्ने,
- ✓ कर प्रशासनलाई चुस्त छरितो र लागत प्रभावी बनाउने, प्रदेशसंगको समन्वयमा कर असुलि कार्यलाई प्रभावकारी बनाउने,

(ग) आगावी आ.व.मा यस गाउँपालिकामा लगाउने कर तथा शूल्क दस्तुरहरुको विवरण आर्थिक ऐनका अनुसूचिहरुमा उल्लेख गरेकोछु ।

अध्यक्ष महोदय,

अव म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनको लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुथ गर्दछु :

(घ) आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि रु.२८ करोड ८८ लाख १६ हजार १७० बजेट विनियोजन गरेकोछु । कुल विनियोजन मध्य चालु तर्फ (सशर्त समेत)जम्मा रु.३ करोड १४ लाख ३१ हजार ४५२ र पूजिगत तर्फ जम्मा रु.२५ करोड ७३ लाख ८४ हजार ७१८ विनियोजन गरेकोछु ।

(ङ) आगामि वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्य आन्तरिक राजश्वबाट रु.३५ लाख, चालु आ.व.मा खर्च नभई बाँकी रहनजाने अनुमानित रकम रु. ७० लाख, संघिय तथा प्रदेश सरकारबाट प्राप्त वितिय सामानीकरण अनुदान र राजश्व वाँडफाँडबा प्राप्त हुन आएको रु. ७ करोड, ३६ लाख, ६ हजार र विभिन्न सशर्त अनुदानबाट प्राप्त भएको रु.१५ करोड २८ लाख २९ हजार १७० परिचालन

गरिएकोछ । बाकी अपुग हिसाव सामाजिक सुरक्षा भत्ता,एलजिसिडिपि,संघ तथा प्रदेश सरकारबाट आउन सक्ने समपुरक र विषेश अनुदा तथा विभिन्न संघ संस्थाले पेश गरेका कार्यक्रमबाट पेश गरेको बजेटबाट मिलान हुने अनुमान गरेकोछु । योजना कार्यक्रमहरुको विवरण विनियोजन ऐनको अंशको रुपमा अंशको रुपमा छुट्टै पेश गरेकोछु ।

अध्यक्ष महोदय,
अन्तमा,बजेट तयारीका क्रममा निर्देशन गर्नुहुने अध्यक्षज्यू,वडा अध्यक्षज्यूहरु,कार्यापालिका सदस्य तथा वडा सदस्यज्यूहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट छलफलका क्रममा सक्रिय सहयोग गर्नुहुने कार्यालयका प्रमुख प्रशासकीय अधिकृत,अन्यकर्मचारी साथीहरु तथा बजेट निर्माणमा अमूल्य सुझाव सल्लाह दिनुहुने पूर्व जनप्रतिनिधिज्यहरु,विभिन्न पार्टीका प्रमुख तथा प्रतिनिधिज्यूहरु,नागरिक समाजका अगुवा,बुद्धिजीवि वर्ग लगायत बजेट तथा कार्यक्रम प्रति सदभाव राख्नुहुने सबैहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै प्रस्तुत बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग प्राप्त हुने अपेक्षा गरेकोछु । जय त्रिवेणी गाउँपालिका ।

धन्यवाद

प्रस्तुत गर्ने
श्री करुणा खड्का,
उपाध्यक्ष,गाउँपालिका,सल्यान